आज मिति २०८३ साल असार १ गते मंगलबारका दिन विहान ८:०० बजे कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८२/८३ को चौधौं बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति:</u>

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका- २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका- ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका- ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका- ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री धर्मराज न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

<u>आमन्त्रित</u>

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सूचना प्रविधि अधिकृत श्री उमेश देवकोटा

वरिष्ठ सहायक श्री प्रेम प्रसाद खनाल

क.अ. श्री विष्णु देवकोटा

बिनु कार्की बिनु माया लोप्चन

२. श्री नवराज न्यौपाने, सि. अ. है. व. अधिकृत

प्रस्ताव तथा छलफलका विषयहरू:

१. वडा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
२. पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा कार्यक्रम सम्बन्धमा ।
३. पूर्वाधार विकास समिति र गाउँपालिकास्तरीय अनुगमन समिति सम्बन्धमा ।
४. गोरु जुधाई कार्यक्रम र नेपाल स्काउटलाई ओकेटोके संचार सेट उपलब्ध गराउने सम्बन्धमा ।
५. सडकबत्तीको बाँकी रकम भुक्तानी सम्बन्धमा ।
६. विपद् तथा प्रकोप व्यवस्थापन कोषबाट सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
७. निलकण्ठ मन्दिर वृहत्तर पर्यटन पूर्वाधार निर्माण कार्यको म्याद थप सम्बन्धमा ।
८. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिका अन्तरगतका तपशिलका वडाहरुबाट तपशिल बमोजिमको वडा समितिको निर्णय अनुमोदनका लागि पेश भएकोले उक्त निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**तपशिल**

**वडा नं. ३ तर्फ**

वडागत विपद् व्यवस्थापन तथा औषधी उपचार सहायता शिर्षकबाट कालिका गाउँपालिका-३ निवासी अप्सरा सुवेदीलाई उपचार सहायताका लागि रु. ४०,०००।- र साना तथा आकस्मिक योजना/कार्यक्रम शिर्षकबाट इमनाथ न्यौपानेको घरवस्ती संरक्षणका लागि रु. ५०,०००।- सहयोग उपलब्ध गराउने ।

**वडा नं. ४ तर्फ**

भैपरी आउने साना तथा आकस्मिक योजना शिर्षकमा विनियोजित बजेटलाई तपशिल बमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने गराउने ।

१। वि.क. टोल खानेपानी मर्मत शिर्षकमा रकम थप- रु. ७५,०००।-
२। विवा माया तितुङ घरवस्ती संरक्षण- रु. ७५,०००।-
३। कुमार देवकोटा घरवस्ती संरक्षण - रु. ७५,०००।-
४। अनिता तामाङ घरवस्ती संरक्षण - रु. ७५,०००।-

**निर्णय नं. २**

कालिका गाउँपालिका रसुवालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम तपशिलको मिति, स्थान र समयमा संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

मिति : २०८३/०३/०४ गते
स्थान : कालिका गाउँपालिकाको सभा हल
समय : विहान १०:०० बजे

**निर्णय नं. ३**

कालिका गाउँपालिकाको पूर्वाधार विकास समितिका संयोजक तथा गाउँपालिकास्तरीय अनुगमन समितिका सदस्य श्री खेसम तामाङले समितिको कार्यमा सक्रिय सहभागीता नदेखाउनु भएको हुनाले निजको स्थानमा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

पूर्वाधार विकास समितिको संयोजक : श्री किप्पा थोक्रा
गाउँपालिकास्तरीय अनुगमन समितिको सदस्य : श्री लालमाया तामाङ

**निर्णय नं. ४**

कालिका गाउँपालिकालाई गोसाईंकुण्ड युवा क्लवद्धारा २०८२/०१०/०१ गते वेत्रावतीमा संचालन गरेको गोरु जुधाई कार्यक्रमको लागि आर्थिक सहयोग माग गरेको हुनाले गाउँपालिकाको पर्यटन योजनाका लागि साझेदारी शिर्षकबाट रु ५०,०००।- सहयोग उपलब्ध गराउने तथा नेपाल स्काउट रसुवा शाखाले स्काउट कार्यक्रमको प्रयोजनका लागि खरिद गरी रकम भुक्तानीका लागि पेश भएको ओकेटोके संचार सेटको रकम रु. ३२,०००।- गाउँपालिकाको मिल्दो शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ५

कालिका गाउँपालिकाको सडक वत्ती स्थापना गर्ने क्रममा चालु आ.व. २०८२/०८३ मा विनियोजित बजेटबाट भुक्तानी हुन बाँकी रकम

रु. ...७,६१,२२४ ।- रकम मिति २०८३/०३/०४ गते हुने गाउँ सभाबाट सुनिश्चित गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

कालिका गाउँपालिकाको विपद् तथा प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट तपशिल बमोजिम कार्य गर्नुका साथै सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क.सं. | कार्य तथा योजनाको विवरण | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विपद् सहायताका लागि प्लाष्टिक खरिद | कालिका गा पा | रु. ३,००,०००।- | |
| २ | भगवती भट्ट देवकोटा घर संरक्षण | कालिका-२ | रु. ५०,०००।- | |
| ३ | कालिकास्थान भित्री सडकबाट नाली कटान | कालिका-२ | रु. ५०,०००।- | |
| ४ | सोनाम छिरिङ मोक्तान घर संरक्षण | कालिका-२ | रु. ३०,०००।- | |
| ५ | थोक्रा टोल वस्ती संरक्षण | कालिका-४ | रु. १,८०,०००।- | |
| ६ | रमेश लामिछाने घरवस्ती संरक्षण | कालिका-३ | रु. १,५०,०००।- | |
| ७ | डाँडा टोल वस्ती संरक्षण | कालिका-५ | रु. ५,००,०००।- | |
| ८ | कृष्ण कुमारी तामाङ औषधी उपचार | कालिका-३ | रु. ३०,०००।- | |
| ९ | लेखनाथ न्यौपाने औषधी उपचार | कालिका-३ | रु. २५,०००।- | |
| १० | कमला नेपाली औषधी उपचार | कालिका-३ | रु. १५,०००।- | |
| ११ | डिल्लीराज पौडेल औषधी उपचार | कालिका-५ | रु. २५,०००।- | |
| १२ | धर्म वहादुर तामाङ औषधी उपचार | कालिका-३ | रु. ३०,०००।- | |
| | कुल जम्मा | | रु. १३,८५,०००।- | |

निर्णय नं. ७

कालिका गाउँपालिका वडा नं. ५ मा ठेक्का प्रक्रिया मार्फत निर्माणाधिन निलकण्ठ प्रदेश सरकारद्वारा हस्तान्तरित समपूरक अनुदान अन्तर्गत कालिका गाउँपालिका वडा नं. ५ मा ठेक्का प्रक्रिया मार्फत निर्माणाधिन निलकण्ठ

प्रदेश सरकारद्वारा हस्तान्तरित समपूरक अनुदान अन्तर्गत समास भइ २०८३ असोज मसान्तसम्म म्याद थप गरिदिन मन्दिर वृहत्तर पर्यटन पूर्वाधार निर्माण कार्यको म्याद २०८३ जेठ ३० गते समास भइ २०८३ असोज मसान्तसम्म म्याद थप गरिदिन निर्माण व्यवसायीबाट अनुरोध भइ आएको सन्दर्भमा प्राविधिक प्रतिवेदन अनुसार कार्य सम्पन्न नभएको तथा केही कार्यहरु निर्माण व्यवसायीको तर्फबाट सुधार गर्नुपर्ने देखिएकोले आवश्यक प्रक्रिया पुरा गराई २०८३ असोज मसान्तसम्म म्याद थप गर्न गाउँ कार्यपालिका मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ विविध १

कालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम स्वयंसेवक खेलकुद प्रशिक्षक परिचालन शिर्षकबाट कालिका-२ को नारायणस्थान आ.वि. लाई विद्यालय संचालन तथा व्यवस्थापन अनुदान स्वरुप रु. १,८०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ विविध २

कालिका गाउँपालिका वडा नं. २ अन्तरगत छनोट भएका लाभग्राही वेरोजगारहरुलाई काम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि कालिका गाउँपालिका वडा नं. २ अन्तरगत सम्बन्धित वडा कार्यालयबाट सिफारिस भै आएअनुसार लगाउँदै गर्दा लक्षित दिन पुर्याउनका लागि आयोजना थप गर्नुपर्ने देखिएको भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भै आएअनुसार पिपलबोट देखि विरौटा जोड्ने बाटो निर्माण आयोजना थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ विविध ३

कालिका गाउँपालिका वडा नं. २ मा फोहरमैला शुल्कको रुपमा विगत देखि नै केही व्यक्तिहरुबाट रकम उठाईदै आएको भन्ने गुनासो प्रास भएकोले उक्त रकम के कसरी उठाएको छ, यदी उठाएको भएमा उठेको रकम जफत गरी गाउँपालिकाको राजश्व खातामा जम्मा गरी आगामी आ.व.२०८३/०८४ देखि फोहरमैला व्यवस्थापन सम्बन्धि कार्यविधि बनाई गाउँपालिकाबाट कर्मचारी व्यवस्थापन गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउने व्यवस्था गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।